# कञ्चन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## कञ्चन रुपन्देही

गाउँकार्यपालिकाको अर्थ सम्बन्धी
प्रस्तावलाई कार्यान्वयनगर्न बनेको
आर्थिक ऐन, २०७६।

## कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

## आर्थिक ऐन, २०७६

गाउँ सभाबाट स्वीकृत मितिः- २०७६/०३/१०

# कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७६

**प्रस्तावना :**

कञ्चन गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० र स्थानिय सरकार संचालन ऐन को दफा १०२ बमोजिम कञ्चन गाउँपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आर्थिक ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन २०७६ श्रावण १ गते देखि कञ्चन गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२) सम्पति कर:** कञ्चन गाउँपालिका क्षेत्रभित्र अनुसूचि  बमोजिम एकीकृत सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

३) **घर जग्गा बहाल कर:** कञ्चन गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूचि  बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल गरिनेछ ।

**४) पेशा व्यवसाय कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उधोग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुन सुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूचि  बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुलि गर्दा बैंक तथा बित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

**५) जडिबुटी, कवाडी र जीवजन्तु कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिवा संस्थाले उन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ.,प्वांख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत तोकिए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**६) सवारी साधन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा तोकिए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

**७) विज्ञापन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र हुने सवै प्रकारको विज्ञापनमा तोकिए बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ ।

**८) मनोरञ्जन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई संचालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसाय सेवामा तोकिए  बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

**९) बहाल बिटौरी शुल्क :** कञ्चन गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफुले निर्माण, रेखदेख वा संचालन गरेका वा सार्वजनिक ऐलानीपर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा सार्वजनिक जग्गा वा,अब्यबस्थित रुपमा बसोबास गरि निजि व्यक्तिले उपयोग गरेको जग्गा सोमा बनेका संरचना र बिशेष मेलापर्वमा बहाल विटौरी शुल्क लगाईने छ ।

**१०) विषेश शुल्कः** अव्यवस्थित रुपमा बसोबास गरेको जग्गा खरिद विक्री वापत तोकिए बमोजिम खरिद शुल्क लगाईने छ।

**११) सवारी साधन पार्किङ शुल्कः** कञ्चन गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि  बमोजिम सवारी साधन पाकिङ शुल्क लगाइ असुल उपर गरिनेछ । साथै सार्वजनिक निजी अवधारणा अनुसार पार्किङ व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले कञ्चन गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ ।

१२) **सेवाशुल्क, दस्तुर :** कञ्चन गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३) **पर्यटन शुल्क :** कञ्चन गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचि मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ, तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४) **घरजग्गा रजिष्ट्रेशन शुल्क** : कञ्चन गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पतिहरुको रजिष्ट्रेशन गर्दा अनुसूचि बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ ।

१५) **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६) **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यो ऐन संग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

१७) **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८) **नियम वा कार्यविधि बनाउन सक्ने :**कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाले यो ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१९) **साविक बमोजिम हुने :** यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२०) **खारेजी :** साविकमा कञ्चन गाउँपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।